# उद्योग दर्ता गर्दा चाहिने आवश्यक कागजातहरु

१) उद्योग दर्ताको निवेदन ढाँचा। यो निवेदन विदुर नगरपालिकावाट प्राप्त हुनेछ।
२) उद्योगको परियोजना (स्कीम)।
३) सम्बन्धीत व्यक्तिको नागरिताको फोटोकपि।
४) उद्योग रहने स्थानको स्वामित्वको प्रमाणपत्रको प्रतिलिपि।
५) सम्बन्धीत व्यक्तिको नाममा स्वामित्वको प्रमाण नभएमा मञ्जुरीनामा सहित स्वामित्वको प्रमाण पत्रको प्रतिलिपि।
६) सम्बन्धीत वडाको सर्जिमिन सहितको सधियार मुचुल्का तथा सिफारिस पत्र।
७) साझेदारीहरु भै उद्योग दर्ता गर्ने भएमा सम्झौतापत्र (साझेदारी कबुलियतिनामा)।
८) निवेदक फर्म वा कम्पनि भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, सञ्चालकहरुको नागरिताको प्रतिलिपि, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपी।
९) प्रारम्भीक वातावरणय परिक्षण गर्नुपर्ने उद्योगको हकमा आई. ई. ई स्वीकृत भएको प्रतिवेदन।
१०) सम्बन्धीत विषयगत उद्योग सम्वन्धमा संघिय एवं प्रदेश कानुनले निर्धारण गरेको अन्य आवश्यक कागजातहरु, वडाको सिफारिस।
११) नियमनकारी निकायहरुको अनुमानित वा सिफारीस आवश्यक पर्ने उद्योगहरुको लागी सो अनुमतिपत्र।
१२) सम्पति कर तिरेको रसिद।
१३) पासपोट साइटको फोटो ३ प्रति। साथै २० लाख माथिको उद्योग दर्ता गर्नु परेमा घरेलु तथा साना उद्योगको कार्यालयमा दर्ता गराउनुहोला।

# प्राइभेट फर्म दर्ता गर्न चाहिने आवश्यक कागजातहरु

१) नेपाली नागरीताको प्रमाणपत्रको प्रतिलिपि।
२) अनुसुचि (१) बमोजिमको निवेदन। यो निवेदन विदुर नगरपालिकावाट प्राप्त हुनेछ।
३) फर्म सञ्चालन हुने स्थानको जग्गा धनि दर्ता प्रमाण पत्रको प्रतिलीपि वा भाडामा लिइ व्यापार व्यवसाय सञ्चालन गर्ने भएमा भाडा सम्झौता।
४) सम्पति कर तिरेको रसिदको प्रतिलिपि।
५) सम्बन्धीत निकायको सिफारिस।
६) अनुसुचि (४) बमोजिको दस्तुर बुझाएको सक्कल रसिद।
७) पासपोर्ट साईजको फोटो ३ प्रति।
८) सम्बधीत निकायवाट तोकि दिएको अन्य कागजात।
९) ५ लाख भन्दा माथिका व्यावसाय दर्ता गर्नु परेमा घरेलु तथा साना उद्योगको कार्यालयमा दर्ता गराउनु होला।

# साझेदारी फर्म दर्ता गर्न चाहिने आवश्यक कागजातहरु

१। साझेदारहरुको नेपाली नागरीताको प्रमाणपत्रको प्रतिलिपी ।
२। अनुसुचि (१) बमोजिमको निवेदन । यो निवेदन विदुर नगरपालिकावाट प्रात्त हुनेछ ।
३। साझेदारी फर्म रहने स्थानको जग्गा धनि दर्ता प्रमाणपत्रको प्रतिलिपी वा भाडामा लिइ व्यापार व्यवसाय सञ्चालन गर्ने भएमा भाडा सम्झौता ।
४। सम्पति कर तिरेको रसिदको प्रतिलिपी ।
५. सम्बन्धीत निकायको सिफारिस आवश्यक पर्ने भए सोको सिफारिस ।

# कुखुरा तथा बंगुर पालन व्यवसायको हकमा थप तपशिल कागजातको आवश्यक पर्नेछ ।

१। कुखुरा व्यवसायको हकमा मुख्य राजमार्गको क्षेत्राधिकार भन्दा कम्तीमा २०० मिटर टाढा हुनु पर्नेछ । बंगुर व्यवसायको हकमा मुख्य राजमार्गको क्षेत्राधिकार भन्दा कम्तीमा ३०० मिटर टाढा हुनु पर्ने छ ।
२। घनावस्तीबाट कुखुराको हकमा २०० मिटर टाढा तथा बंगुर पालनको ५०० मिटर टाढा हुनु पर्नेछ ।
३। शिक्षण संस्था ,स्वास्थय संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थानहरुबाट ५०० मिटर टाढा हुनु पर्ने छ ।
४। व्यवसाय दर्ता हुनुपुर्व ७ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्ने छ ।
५। १०,००० हजार भन्दा बढी कुखुरा पालन व्यवसाय गर्नु परेमा I.E.E गनुपर्नेछ ।
६। खोला तथा पानीको मुहानमा कुनै पनि किसिमको प्रदुषण, हानि नोक्सानी लगायतका असर गर्न नपाईने ।
७। घनाव्ती बाहेकको क्षेत्रहरुमा {ग्रामिण वस्तीहरुमा} १००० भन्दा कम संख्याको कुखुरा पालन व्यवसाय सञ्चालन हुने स्थानबाट कम्तीमा १०० मिटर वरपरका घरधनीहरुको सहमति अनिवार्य हुनुपर्ने । तर १००० भन्दा बढी कुखुरा पालन व्यवसायको हकमा ३०० मिटर दुरी कायम गर्नुपर्ने छ ।

## फर्निचर उद्योग हकमा थप तपशिल कागजात आवश्यक पर्नेछ ।

१ डिभिजन/जिल्ला वन कार्यालयको सहमति पत्र ।
२ फर्निचर उद्योगले काठको श्रोत खुलाउनु पर्ने ।
३ ८ इन्च भन्दा माथीको बेन्च सह प्रयोग गर्न नपाइने।
४ प्रमाणितका लागि बेन्च-सह भन्दा ठलो प्रयोग गर्न नपाउने ।
५ वनक्षेत्र भन्दा ५०० मिटर टाढा हुनुपर्ने ।
६ चारै दिशाका सधिँयारको सहमति अनिवार्य हुनु पर्नेछ ।
७ व्यवसाय दर्ता हुनुपुर्व ७ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्ने छ ।

## वर्कसप दर्ताको लागि आवश्यक कागजातहरु:

१. सात दिनको सार्वजनिक सूचना ।
२. मुख्य राजमार्गबाट २०० मिटर टाढा हुनुपर्ने ।
३. घना वस्ती भित्र उदोग स्थापना गर्न नमिल्ने ।
४. अहिलेको अवस्थामा जुनसुकै स्थापना भएता पनि अटो भिलेज स्थापना पश्चात उक्त स्थापना स्थानान्तरण गर्नुपर्ने छ ।

## वर्कशप दर्ताको लागि आवश्यक कागजातहरु:

१। सात दिनको सार्वजनिक सूचना
२। मुख्य राजमार्गबाट २०० मिटर टाढा हुनुपर्ने
३। घना वस्ती भित्र उद्योग स्थापना गर्न नमिल्ने
४। अहिलेको अवस्थामा जुनसुकै स्थानमा स्थापना भएता पनि अटो भिलेज स्थापना पश्चात उक्त स्थानमा स्थानान्तरण गर्नुपर्ने छ । (विशेष शर्त)